जि.प्र.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

वर्ष : ४ | अंक : ३८ | २०८३ साल जेष्ठ १० गते, आइतबार | Sunday, May.– 24 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

## बारा-पर्सा सीमामा तस्करी व्यापक, सुरक्षा निकायमाथि संरक्षण दिएको आरोप

***संवाहक सम्वादाता***-*१० जेष्ठ, कलैया*

बारा, पर्सा र रौतहट सीमावर्ती क्षेत्रमा भारतीय कुखुरा, कपडा, चकलेटलगायतका सामानको तस्करी दिनानुदिन तीव्र बनेको छ। बोर्डरमा कडाईको दाबी गरिएपनि तस्करीको कालो रातकि कालो धन्धाले पोल खोलिदिएको छ। सीमामा खटिएका सुरक्षा निकायकै मिलेमतो र संरक्षणमा अवैध कारोबार भइरहेको भन्दै स्थानीय व्यवसायी, किसान तथा सर्वसाधारणले गम्भीर प्रश्न उठाएका छन्।







बारा कुखुरा व्यवसायी संघ र स्थानीय किसानको संयुक्त गस्ती टोलीले पिपरपातीस्थित मुसहर टोल तथा बैरियाको छठीघाट क्षेत्रबाट भारतबाट अवैध रूपमा ल्याइँदै गरेको करिब २०० केजी जिउँदो कुखुरा र तीनवटा मोटरसाइकल नियन्त्रणमा लिएर बैरिया प्रहरी चौकीलाई बुझाएको थियो।

व्यवसायीहरूका अनुसार क्वारेन्टाइनबिनै भित्रिने भारतीय कुखुराले नेपालमा बर्डफ्लु फैलिने जोखिम बढाएको छ भने नेपाली पोल्ट्री व्यवसाय धराशायी बन्दै गएको छ। अवैध कुखुरा भित्रिँदा स्वदेशी किसानले उत्पादन बिक्री गर्न नसक्ने अवस्था सिर्जना भएको उनीहरूको भनाइ छ।

रौतहटको बंकुल औरैया लागयतका नाका र पर्साको भिस्वा अलउ सिर्सिया छपकैया लागयतका सिमानाकाबाट खुल्याम तस्करी भईरहेको आरोप छ।

स्थानीय स्रोतका अनुसार पचरौताको रामनगर, सिम्रौनगढ, कवहीगोठ, मटिअर्वा, मुसहर्वा र छतवा क्षेत्र अहिले तस्करीका मुख्य ट्रान्जिट प्वाइन्ट बनेका छन्। दिनको निगरानी बढेपछि तस्करहरूले राति र बिहान सबेरै मोटरसाइकल तथा पिकअप गाडी प्रयोग गरी सामान ओसारपसार गर्ने गरेका छन्।

सिम्रौनगढ क्षेत्रमा कपडा तस्करीमा सक्रिय भोला साह नामका तस्करको समूह खुलेआम कारोबारमा संलग्न रहेको स्थानीयको आरोप छ। यस्तै भारतीय तस्कर अरविन्दले समेत

बाँकी तेस्रो पृष्ठमा

## रास्वपा बाराको विस्तारित बैठकमा विवाद, आरोप-प्रत्यारोप तीव्र

***संवाहक सम्वादाता***-*१० जेष्ठ, कलैया*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाराको विस्तारित बैठक विवाद र तनावबीच सम्पन्न भएको छ। कलैयास्थित करणराज पार्टी प्यालेसमा शनिबार आयोजित बैठकमा असन्तुष्ट पक्ष र पार्टी नेतृत्वबीच चर्काचर्की भएपछि केही समय स्थिति तनावपूर्ण बनेको थियो।





बैठकमा रास्वपाका बारा निर्वाचन क्षेत्र नं. १ का सांसद गणेश धिमाल, क्षेत्र नं. २ का चन्दन सिंह, क्षेत्र नं. ३ का अरविन्द साह, क्षेत्र नं. ४ का रहबर अन्सारी तथा फेटा गाउँपालिकाका अध्यक्ष रुस्तम अन्सारीलगायत नेता सहभागी थिए।

बैठकका क्रममा संस्थापक जिल्ला अध्यक्ष चन्दन स्वर्णकार पक्षका कार्यकर्ताले नेतृत्वविरुद्ध नाराबाजी गर्दै असन्तुष्टि जनाएका थिए। केही दिनअघि मात्रै स्वर्णकारको पार्टीको साधारण सदस्यता समेत खारेज गरिएपछि जिल्ला संगठनभित्र विवाद चर्किएको बताइएको छ।

प्रत्यक्षदर्शीका अनुसार बैठकमा विवाद बढ्दै गएपछि आक्रोशित कार्यकर्ताले केही नेतामाथि धक्का-मुक्का गर्दै बाहिर जान दबाब दिएका थिए। स्थिति तनावपूर्ण बनेपछि प्रहरीले हस्तक्षेप गरी नेताहरूलाई सुरक्षित रूपमा बाहिर निकालेको जनाइएको छ।

घटनापछि रास्वपाका नेताहरू

बाँकी तेस्रो पृष्ठमा

## नारायणी अस्पतालमा दलाली र कमिसनको जालोको आरोप

***संवाहक सम्वादाता***-*१० जेष्ठ, कलैया*

नारायणी अस्पतालभित्र दलाली र कमिसनको संगठित खेल चलिरहेको आरोप फेरि सार्वजनिक भएको छ। बिरामीलाई उपचारभन्दा बाहिरी मेडिकलतर्फ मोडेर आर्थिक लाभ लिने समूह सक्रिय रहेको भन्दै सेवाग्राहीले आक्रोश व्यक्त गरेका छन्।



सेवाग्राहीका अनुसार अस्पताल परिसरमा एम्बुलेन्स चालक, बिचौलिया र केही बाहिरी औषधि पसलबीच मिलेमतो रहेको आशंका गरिएको छ। अस्पतालमा आउने बिरामीलाई निश्चित मेडिकलमा पठाउने, अनावश्यक रूपमा महँगो औषधि किन्न बाध्य पार्ने र त्यसबाट कमिसन लिने गरिएको आरोप छ।

विशेषगरी इमर्जेन्सी वार्ड आसपास यस्तो गतिविधि बढी हुने गरेको स्थानीयको भनाइ छ। आपत्कालीन अवस्थामा आएका बिरामी र आफन्तलाई अलमल्याएर बाहिरी सेवातर्फ लैजाने काम भइरहेकाले थप समस्या सिर्जना भएको बताइन्छ।

अस्पताल प्रशासन र सुरक्षाको निगरानी कमजोर हुँदा यस्तो गतिविधि खुलेआम बढेको सेवाग्राहीको गुनासो छ। अस्पताल परिसरमा प्रहरी बिट भए पनि प्रभावकारी नियन्त्रण नदेखिएको उनीहरूको भनाइ छ।

पीडित पक्षले पटक-पटक जानकारी गराउँदा पनि ठोस कारबाही नभएको दाबी गरेका छन्। यस घटनापछि सेवाग्राहीले सम्बन्धित निकायलाई तत्काल छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न माग गरेका छन्।

## रासायनिक मलको हाहाकार, तस्करलाई छुट तर किसान चर्को मुल्यको सास्तीमा

***"मल अभाव र कालोबजारीले किसान सास्तीमा परेका छन्। भारतबाट तस्करी भएर मल आइरहे पनि किसानले चर्को मूल्य तिर्न बाध्य छन्। किसानले तस्करी नियन्त्रण र सहज मूल्यमा मल उपलब्ध गराउन सरकारसँग माग गरेका छन्।"***



***लेखकः पन्नालाल दास***

बारा, पर्सा, रौतहटलगायत मधेशका सीमावर्ती जिल्लामा यतिबेला रासायनिक मलको चरम अभावले किसान आक्रान्त बनेका छन्। धान रोपाइँको सिजन सुरु भएसँगै युरिया, डीएपी र पोटास मलको माग उच्च भए पनि किसानले सहज रूपमा मल पाउन सकेका छैनन्। सरकारी अनुदानको मल अपुग हुँदा किसान महँगो मूल्य तिरेर निजी तथा तस्करीमार्फत आएको मल किन्न बाध्य बनेका छन्।

सरकारले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङमार्फत सहकारी संस्थालाई अनुदानको मल वितरण गर्दै आएको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा सरकारले करिब ५ लाख ५० हजारदेखि ६ लाख मेट्रिक टनसम्म रासायनिक मल आयात गर्ने लक्ष्य राखेको छ। यसका लागि करिब २८ अर्ब ८२ करोड रुपैयाँ बजेट विनियोजन गरिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

जष्बउिचभकक.अफ +२

मन्त्रालयका अनुसार हालसम्म ४ लाख ६५ हजार मेट्रिक टनभन्दा बढी रासायनिक मल आयातका लागि बोलपत्र प्रक्रिया अघि बढाइएको छ भने २ लाख ६६ हजार ५१० मेट्रिक टन मल आपूर्तिको क्रममा रहेको सरकारी तथ्यांक छ। यस्तै सरकारले हालै भारतसँग सरकार-सरकार (=२=) सम्झौतामार्फत थप ८० हजार मेट्रिक टन रासायनिक मल ल्याउने निर्णयसमेत गरेको छ। यसअन्तर्गत ६० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी खरिद गरिने बताइएको छ।

तर सरकारी तथ्यांक ठूलो देखिए पनि खेतसम्म मल पुग्ने अवस्था कमजोर रहेको किसानको गुनासो छ। सहकारीमा सीमित मल आउने, पहुँचवालाले पहिले नै उठाउने, केही सहकारीले कालोबजारी गर्ने तथा वितरणमा पारदर्शिता नहुँदा वास्तविक किसान मारमा परेका छन्।

सीमावर्ती क्षेत्रमा भने भारतबाट युरिया र डीएपी मलको व्यापक तस्करी भइरहेको स्थानीयको आरोप छ। भारतीय बजारमा तुलनात्मक रूपमा सस्तो पाइने मल नेपाल ल्याएर तस्करहरूले दोब्बर-तेब्बर मूल्यमा बिक्री गरिरहेका छन्। किसानहरूका अनुसार भारतमा सहज रूपमा पाइने मल नेपालमा अत्यधिक महँगो मूल्य तिरेर किन्नुपर्ने बाध्यता छ।

स्थानीय किसान भन्छन्, "नेपालको सरकारी मलले मात्र

बाँकी तेस्रो पृष्ठमा

## सिकिस्त बिरामी मुरतिया देवीलाई घरमै पुगेर नागरिकता

***संवाहक सम्वादाता***-*१० जेष्ठ, कलैया*

क्यान्सर रोगबाट पीडित भई शारीरिक रूपमा अत्यन्त कमजोर अवस्थामा रहेकी कलैया उपमहानगरपालिका-२७ पर्सा टोलकी मुरतिया देवीलाई जिल्ला प्रशासन कार्यालय बाराले घरमै पुगेर नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरेको छ।



कार्यालयसम्म पुग्न नसक्ने अवस्थालाई ध्यानमा राख्दै प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र नेतृत्वको टोली देवीको घरमै पुगेको थियो। आवश्यक सनाखत प्रक्रिया पूरा गरी उनका पति संजय सहनी मलाहमार्फत नागरिकता हस्तान्तरण गरिएको प्रशासनले जनाएको छ।

सेवामुखी प्रशासनको उदाहरणका रूपमा हेरिएको उक्त कार्यमा सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराई, प्रशासकीय अधिकृत मनिषा कर्ण, नायब सुब्बा रत्न स्याङ्तान, कम्प्युटर अपरेटर हरिवंश चौधरी तथा वडा अध्यक्ष अशोक तिवारीको समेत सहभागिता रहेको थियो।

जिल्ला प्रशासन कार्यालय बाराले विशेष अवस्था र आवश्यकता भएका नागरिकलाई मानवीय ढंगले सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

### भूमिपुत्र किसानको पीडा : चिनीकार खाना बन्द भयो, तर जग्गा फिर्ता भएन

बाराको विभिन्न क्षेत्रमा रहेका थारु मोही किसानहरूले दशकौँदेखि भोग्दै आएको भूमि समस्याले फेरि एकपटक राज्यको ध्यानाकर्षण गराएको छ। वीरगञ्ज चिनीकार खाना प्रा.लि. का लागि अधिग्रहण गरिएको ८३३ बिघा जग्गा फिर्ताको माग गर्दै थारु भूमिअधिकार संघर्ष समिति बाराले सरकारसमक्ष ज्ञापनपत्र बुझाउनु केवल प्रशासनिक प्रक्रिया मात्र होइन, विस्थापित किसानहरूको ऐतिहासिक पीडा र न्यायको आवाज पनि हो।

२०२१ सालमा उखु खेती विकास तथा चिनी उद्योग सञ्चालनका नाममा भवानपुर, जितपुर, पिपरा सिमरा, फत्तेपुर र डुमरवाना क्षेत्रका स्थानीय किसानको जग्गा अधिग्रहण गरिएको थियो। तत्कालीन परिस्थितिमा राज्यको निर्णयविरुद्ध बोल्ने वातावरण कमजोर थियो। न्यून मुआब्जा दिएर वा कतिपय अवस्थामा जबर्जस्ती रूपमा जग्गा अधिग्रहण गरिएको आरोप अहिले पनि स्थानीयको मनमा गहिरो घाउ बनेर बसेको छ। अझ दुःखद पक्ष के छ भने, जग्गा गुमाएका धेरै किसानले न उचित क्षतिपूर्ति पाए, न उद्योगमा रोजगारी नै। वीरगञ्ज चिनीकारखाना २०५९ सालमै खारेज भइसकेको अवस्थामा पनि अधिग्रहित जग्गा सम्बन्धित किसानलाई फिर्ता नहुनु गम्भीर प्रश्नको विषय हो। यदि उद्योग सञ्चालनकै उद्देश्य समाप्त भइसकेको हो भने जग्गा प्राप्ति ऐन २०३४ अनुसार त्यसको पुनःस्वामित्वबारे स्पष्ट निर्णय हुनुपर्थ्यो। तर कानुनी प्रक्रिया र पारदर्शितामाथि प्रश्न उठ्ने गरी जग्गा अन्य निकायको नाममा सारिएको दाबीले झन् शंका उत्पन्न गरेको छ।

यो विषय केवल जग्गाको स्वामित्वसँग मात्र सम्बन्धित छैन, यो सामाजिक न्याय, ऐतिहासिक अधिकार र र ाज्यको जिम्मेवारीसँग जोडिएको प्रश्न पनि हो। आफूहरू सुकुम्बासी नभई पुस्तौँदेखि जमिन जोत्दै आएका भूमिपुत्र थारु किसान भएको दाबीले राज्यलाई संवेदनशील बन्न बाध्य बनाउँछ। विकासका नाममा समुदाय विस्थापित गर्ने तर पछि उनीहरूको अधिकार र भविष्यप्रति बेवास्ता गर्ने प्रवृत्ति लोकतान्त्रिक शासन व्यवस्थाका लागि राम्रो संकेत होइन। सरकारले अब यो विषयलाई केवल प्रशासनिक फाइलका रूपमा होइन, न्याय र अधिकारको दृष्टिकोणबाट हेर्न आवश्यक छ। यदि अधिग्रहणको मूल उद्देश्य समाप्त भइसकेको छ भने कानुनअनुसार जग्गा फिर्ता गर्ने वा न्यायोचित पुनर्स्थापनाको स्पष्ट मार्ग तय गर्नुपर्छ। अन्यथा, विकासको नाममा गरिएको पुरानो अन्यायले नयाँ पुस्तासम्म असन्तोष र अविश्वास मात्र बढाउनेछ।

# पशुपति समृद्धिको प्रस्थानविन्दु

"पशुपतिलाई राजनीतिक कार्यकर्ता भर्ती केन्द्र होइन, बौद्धिक र व्यवस्थापकीय नेतृत्वको केन्द्रका रूपमा रूपान्तरण गर्नु पर्छ। पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्यसचिवको अनुभव र विज्ञतालाई सदुपयोग गर्न पशुपतिलाई अन्तर्राष्ट्रिय जगत्मा प्रचारप्रसार, विकासनिर्माण र स्तरोन्नतिका लागि अन्तर्राष्ट्रिय समिति गठनको व्यवस्था ऐनमै गर्नु पर्छ।"




सरकारको नीति तथा कार्यक्रममा भनिएको छ, "नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न 'देवभूमि नेपाल' राष्ट्रिय अभियान सञ्चालन गरिने छ। धार्मिक, सांस्कृतिक, आरोग्य, अध्ययन, चलचित्र, आध्यात्मिक तथा अवकाश पर्यटनको उदाउँदो गन्तव्यका रूपमा विकास गरिने छ। आध्यात्मिक तीर्थ कूटनीतिमार्फत पशुपतिनाथ, लुम्बिनी, जनकपुरधाम र मुक्तिनाथ क्षेत्रको प्रवर्धन गरिने छ।" आरम्भमा उद्धृत हिमवत्खण्डको श्लोकमा प्राचीनकालदेखि नेपाल साधनाभूमि, तपोभूमि, देवोभूमि, पुण्यभूमिको नामले प्रसिद्ध रहेको उल्लेख छ। श्लोकमा भनिएको छ, "सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवनी, द्वापरयुगमा मुक्तिसोपान र कलियुगमा नेपाल नामले यो भूमिलाई परिचित गराएको हो। नेपाल धर्मप्राण राष्ट्र हो।" प्राचीन, मध्य र आधुनिककालमा पनि नेपालको राजनीतिक, धार्मिक, सामाजिक र सांस्कृतिक रूपमा विभिन्न क्षेत्रका नागरिकको आवतजावत हुने, व्यापारिक यात्रा गर्ने र कतिपय शरणार्थीले पनि आश्रय लिएको विषय इतिहासबाटै पुष्टि हुन्छ। आदिमकालदेखि रहेको नेपालको सांस्कृतिक विरासतलाई अझै परिष्कृत, समयसापेक्ष र अर्थतन्त्र सुधारका पक्षमा दूरगामी महत्व राख्ने गरी विकास गर्ने नीति तथा कार्यक्रममा 'देवभूमि नेपाल' अभियान सञ्चालनको घोषणा गरेको पुष्टि हुन्छ। आराध्यदेव भगवान् पशुपतिनाथ नेपालको धार्मिक, सांस्कृतिक र पुरातात्विक पहिचानको मेरुदण्डसँगै विश्वका करोडौँ सनातन धर्मावलम्बीको आस्थाको केन्द्र पनि हो। युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत पवित्र स्थलको व्यवस्थापन र विकासमा देखिएका विद्यमान चुनौती तथा यसको सर्वाङ्गीण रूपान्तरणका मार्गचित्रबारे बृहत् अध्ययन र विमर्श गर्नु अपरिहार्य छ। पशुपति क्षेत्र विकास कोषको उन्नयन र समयानुकूल धार्मिक क्षेत्रको विकास गर्न सबैभन्दा ठुलो तगारो वर्तमान ऐन र नियमावली नै बनेका छन्। विसं २०४४ मा निर्माण भएको ऐन झन्डै चार दशकसम्म संशोधन नहुँदा कार्यसम्पादन र नवीनतम योजना निर्माणसहितका काम रोकिएका छन्। कोषका आर्थिक विनियमावली र कर्मचारी विनियमावली वर्तमान संवैधानिक र प्रशासनिक संरचनासँग बाझिएका छन्। समयसापेक्ष कानुनी संशोधन र नीतिगत स्पष्टता नभएसम्म भौतिक र आध्यात्मिक विकासका प्रयास कागजी योजनामा मात्रै सीमित रहने छन्। कोषको कर्मचारी संयन्त्रमा विज्ञताको अभाव छ। लोक सेवा आयोगमार्फत प्रतिस्पर्धी र दक्ष जनशक्ति भर्ना नगरेसम्म संस्थागत सुधार सम्भव छैन। अहिलेको भद्दा प्रशासनिक ढाँचालाई विस्थापित गरी नवीनतम अवधारणा विकास गर्नु नै पशुपतिलाई विश्वभरिका सनातन हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र अनुभूति गराउने र वार्षिक ६० लाखभन्दा बढी श्रद्धालु भक्तजनलाई आमन्त्रण गर्ने मागचित्र बन्ने छ।

***संरचनात्मक ढाँचामा परिवर्तन***

पशुपति क्षेत्र विकास कोष स्थापनाकालदेखि नै राजनीतिक भागबन्डा र दबाबमा फसेको छ। तिलगङ्गाको बस्ती व्यवस्थापन, गोठाटारको जग्गा अधिग्रहण र पशुपति गौशाला धर्मशालासहित कयौँ विषयलाई निष्कर्षमा पुऱ्याउने प्रयास विगतमा पनि भएका हुन्। राजनीतिक नेतृत्वको प्रत्यक्ष हस्तक्षेपका कारण ती योजना सफल हुनै सकेनन्। सरकारले जेठ १ गते सकारात्मक निर्णय लिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं कोष सञ्चालक परिषद् अध्यक्ष खड्कराज पौडेल (गनेस) ले पशुपति क्षेत्र विकास कोष कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी नियमावली, २०८३ स्वीकृत गरी जारी गर्नुभएको छ। नियमावली अनुसार कार्यकारी निर्देशक पद हटाइएको छ। यो कदम सकारात्मक छ। २०८१ असोज ८ गते पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को संशोधनको मसौदा मन्त्रालयमा बुझाइएको छ। मसौदामा ऐनको समयानुकूल परिमार्जन गरी समयसापेक्ष सुधार गर्न नेपाल कानुन आयोगका पूर्वअध्यक्ष माधव पौडेलको संयोजकत्वमा विज्ञ, संस्कृति र कानुन मन्त्रालयको प्रतिनिधित्वमा ऐन संशोधनको मसौदा तयार गरिएको हो। मसौदा निर्माणका क्रममा पशुपति क्षेत्र विकास कोषलाई नयाँपन दिन संरचनामा परिवर्तन ल्याउन प्रस्ताव गरिएको छ। लुम्बिनी विकास कोषको सफल अभ्यासबारे पनि सघन विमर्श भएको थियो। समितिले बृहत् अध्ययनबाटै मसौदा तयार पारेको हो। भारतका महत्वपूर्ण विभिन्न धार्मिक स्थल, मठमन्दिर, ट्रस्टको कानुनी व्यवस्था तथा व्यवस्थापनबारे अध्ययन र छलफल भयो। सिरडी साइबाबा, तिरुपति बालाजी, वैष्णोदेवी, सिख गुरुद्वारासहित धार्मिक सम्पदास्थलको सञ्चालन र व्यवस्थापनबारे अध्ययन गरेपछि मसौदा तयार गरिएको हो। पाशुपत क्षेत्रको महत्व, आध्यामिक पक्ष, ऐतिहासिक एवं पुरातात्विक महत्वको विशिष्ट पक्षलाई दृष्टिगत गरी ऐनमा अझै व्यापक सुधार आवश्यक छ। मसौदा निर्माणकै क्रममा छलफल भएको महत्वपूर्ण विषय हो- उपाध्यक्षको व्यवस्था गर्ने अवधारणा। अर्थात् राष्ट्रपति संरक्षक, प्रधानमन्त्री अध्यक्ष र संस्कृति मन्त्रालयको समन्वय रहने गरी पशुपति क्षेत्र विकास कोषमा उपाध्यक्ष नियुक्तिको कानुनी प्रबन्ध गर्नु पर्छ। सञ्चालक परिषद् सदस्य र कोषाध्यक्ष जस्ता भागबन्डाका पद कटौती गरेर छरितो संरचना बनाउनु पर्छ।

पशुपतिलाई राजनीतिक कार्यकर्ता भर्ती केन्द्र होइन, बौद्धिक र व्यवस्थापकीय नेतृत्वको केन्द्रका रूपमा रूपान्तरण गर्नु पर्छ। पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्यसचिवको अनुभव र विज्ञतालाई सदुपयोग गर्न पशुपतिलाई अन्तर्राष्ट्रिय जगत्मा प्रचारप्रसार, विकासनिर्माण र स्तरोन्नतिका लागि अन्तर्राष्ट्रिय समिति गठनको व्यवस्था ऐनमै गर्नु पर्छ। विज्ञका रूपमा पूर्वसदस्यसचिव राखेर विज्ञता र अनुभवलाई प्रयोग गर्ने अभ्यास भारतका प्रसिद्ध तीर्थस्थल व्यवस्थापन समितिमा पनि हुँदै आएको छ। कोषका कर्मचारी नियुक्ति प्रक्रियामा राजनीतिक हस्तक्षेप र 'टिके' प्रथा अन्त्य गरी लोक सेवा आयोगमार्फत सक्षम जनशक्ति भर्ना गर्नु पर्छ। अहिले खरिदार र नायब सुब्बा तहकै भरमा महाशाखा सञ्चालन भइरहेको स्थितिलाई पारदर्शी र दक्ष कर्मचारीमार्फत कोष सञ्चालन र व्यवस्थापन गर्नु पर्छ। यति गरेमा मात्रै कोषमा सुशासन कायम हुन सक्छ।

***आमूल सुधारका सात सूत्र***

करोडौँ धर्मावलम्बीको आस्था र विश्वासको केन्द्र आराध्यदेव भगवान् पशुपतिनाथबाटै नेपालको आर्थिक विकासको नवीनतम आधार निर्माण गर्न सकिन्छ। पाशुपत क्षेत्रलाई नवीनतम कार्ययोजनाबाट अघि बढाउन सकिने विश्वासका साथ केही सुझाव प्रस्तुत गरिएको छ। तराई, मधेशसँगै काठमाडौँमा रहेका पशुपतिका बेवारिसे जग्गाको सूक्ष्म अनुसन्धान गरी कोषको स्वामित्वमा ल्याउनु पर्छ। चाबहिल, भण्डारखाल र सिफल क्षेत्रको अतिक्रमणलाई कडाइका साथ हटाएर पशुपतिको सम्पत्तिको रक्षा गर्नु पर्छ। पशुपति क्षेत्रलाई योजनाबद्ध व्यवस्थापन गरिए २० देखि २५ हजार प्रत्यक्ष रोजगारी सिर्जना गर्न सकिन्छ। विशेष गरी राज्यले नै आधिकारिक रूपमा अनलाइन पूजाको पहल लिएमा अनधिकृत पूजाको अभ्यास बन्द हुने छ। राज्यको ढुकुटीमा वार्षिक करोडौँ राजस्व सङ्कलन हुने छ। भारतका प्रसिद्ध मन्दिरको शैलीमा पशुपति महाप्रसाद वितरण कार्य आरम्भ गर्नु पर्छ। ६० र ४० प्रतिशतको अवधारणामा किसान र कोषको साझेदारी गरी दुग्ध परिकार उत्पादन गर्दा कृषि र उद्योग दुवै फस्टाउँछ। मन्दिरमा चढाइएका फूल र बेलपत्रबाट धुप र विभूति निर्माण गर्दा सयौँलाई रोजगारी दिन सकिन्छ।

पशुपति क्षेत्रको अर्को मुख्य चुनौती सुरक्षाको हो। पशुपति क्षेत्रको सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गरी भित्री घेराको सुरक्षा जिम्मा नेपाली सेनालाई दिनु पर्छ। त्यसै गरी पार्किङ समस्या समाधान गर्न 'अन्डरग्राउन्ड' पार्किङ निर्माण गरी माथिल्लो भागमा आकर्षक बगैँचा बनाउनु पर्छ। भेटी, टिकट र चन्दा सङ्कलनमा पूर्ण पारदर्शिता कायम गर्न 'डिजिटल' प्रणाली अनिवार्य गरिनु पर्छ। पशुपतिलाई केवल मन्दिरमा मात्र सिमित नगरी विश्वरूपा, गुह्येश्वरी र बौद्धनाथलाई समेटेर 'धार्मिक पर्यटन सर्किट' निर्माण गर्न सकिन्छ। भक्तजनका लागि विद्युतीय बस वा स्तरीय धार्मिक पदमार्गको व्यवस्था गर्ने अवधारणा ल्याउन सकिन्छ। पशुपतिभित्र अन्तर्राष्ट्रियस्तरको पुस्तकालय, सङ्ग्रहालय र सूचना प्रविधि केन्द्र स्थापना गर्ने र विश्वभरका शोधकर्ताले पूर्वीय दर्शन र सभ्यताको अध्ययन गर्ने प्रबन्ध गर्नु पर्छ। वास्तवमा पशुपति क्षेत्रको समस्या केवल भौतिक अभाव होइन, बरु दृढ इच्छाशक्ति र आधुनिक व्यवस्थापकीय सोचको कमी हो। जग्गा अतिक्रमणको सूक्ष्म छानबिन, राजनीतिक हस्तक्षेप अन्त्य र उपाध्यक्षको 'मोडालिटी' कार्यान्वयन नै पशुपति क्षेत्रको स्तरोन्नति गर्ने युगीन मार्गचित्र हुन्। आराध्यदेव भगवान् पशुपतिनाथको गरिमालाई उच्च राख्दै पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय गन्तव्यका रूपमा व्यवस्थित गर्न पशुपति क्षेत्र विकास कोषले भक्तजनका लागि आधुनिक सेवा सुविधा थप्नु पर्छ।


***गोठाटारमा गुरुयोजना र अन्य परियोजना***

पशुपतिनाथको अर्बौं मूल्यका जग्गा भूमाफियाकै कब्जामा छन्। जग्गा खोजीका लागि गठित समितिको प्रतिवेदन अनुसार चाबहिलको जोसमणि मठको जग्गा, गोपीकृष्ण हलनजिकैको नौ रोपनी र बालाजुको नौ रोपनी, सिन्धुपाल्चोकको चार सय रोपनी र गोलढुङ्गाको १५० रोपनी जग्गा कोषमातहत ल्याउन तत्काल छानबिन समिति गठन गरी कानुनी प्रक्रिया थाल्नु पर्छ। पशुपति क्षेत्र विकास कोषको गोठाटारको ५३४ रोपनी जग्गालाई सदुपयोग गर्न बृहत् गुरुयोजना बनाइएको छ। पशुपति हिन्दु विश्वविद्यालय, अस्पताल, गौशाला, वृद्धाश्रम र पशुपतिग्राम निर्माणको प्रस्ताव कार्यान्वयन गर्नु पर्छ। मन्दिरमा चढाइने भेटी र दानलाई पारदर्शी बनाउन सम्पूर्ण कारोबार बैङ्किङ प्रणालीमा आबद्ध गरिएको छ। बैङ्किङ प्रणालीलाई अझै व्यवस्थित गरेर चुवाहट नियन्त्रण गर्नु पर्छ। काठमाडौँ उपत्यका र देशभरिका प्रसिद्ध शिवालयलाई जोडेर 'पशुपति शिव सर्किट' विकास गर्ने र अन्तर्राष्ट्रियस्तरमा प्रचार गर्ने योजना पनि कार्यान्वयनमा ल्याउनु पर्छ। बागमती नदी सफा राख्न पानी फिल्टर गर्ने सिस्टम जडान गर्ने र सुन्दरीजलबाट पाइपमार्फत स्वच्छ जल ल्याई मन्दिरमा अर्पण गर्ने व्यवस्थाको योजनालाई मूर्तरूप दिनु पर्छ। प्रस्तावित कार्ययोजनालाई आगामी आर्थिक वर्षबाटै कार्यान्वयनमा लान सकिए प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले नीति तथा कार्यक्रममा प्रस्ताव गरेको 'देवभूमि नेपाल' राष्ट्रिय अभियान सार्थक हुने छ। समुन्नतिको प्रस्थानविन्दु पशुपतिबाटै सुरु हुने छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानी विदेशमन्त्री अराघची र पाकिस्तानी सेना प्रमुख मुनिरबिच भेटवार्ता

***तेहरान, जेठ ९ गते ।***
इरानका विदेशमन्त्री अब्बास अराघची र पाकिस्तानी सेना प्रमुख जनरल असिम मुनिरबिच मध्यपूर्वको अवस्थाबारे शनिबार महत्वपूर्ण वार्ता भएको बताइएको छ । दुई नेताबिच क्षेत्रीय सुरक्षा, इरान सङ्कट र तनाव कम गर्न कुटनीतिक प्रयासबारे शुक्रबार राति छलफल भएको बताइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको स्थायी शान्तिका लागि गरिएका प्रयास सफल हुन नसके आक्रमण गर्ने चेतावनीका बिच इरानी विदेशमन्त्री अराघची र पाकिस्तानी जनरल मुनिरबिच भएको बैठकलाई पश्चिम एसिया तनाव कम गर्ने जारी अन्तिम प्रयास मानिएको छ । शुक्रबार राति अबेरसम्म दुई नेताबिच भएको वार्तामा मध्यपूर्वको सुरक्षा अवस्था, इरान द्वन्द्व र क्षेत्रीय स्थायित्वका विषयमा विस्तृत छलफल भएको बताइएको छ ।



बैठकमा यस क्षेत्रमा तनाव बढ्न नदिन चलिरहेको कूटनीतिक प्रयास र नयाँ पहलबारे पनि छलफल भएको इरानी समाचार एजेन्सी तस्निमले जनाएको छ । दुवै पक्षले पश्चिम एसियामा सुरक्षा र स्थिरता कायम गर्नुपर्ने आवश्यकतामा जोड दिएका छन् । पाकिस्तानले विगतमा पनि यस्ता छलफलसँग मेलमिलाप गर्ने प्रयास गरे पनि त्यसको कुनै परिणाम निस्कन सकेको छैन । यसैबिच, संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेर्रेसले कुनै पनि देशको सार्वभौमिकताविरुद्ध बल प्रयोगको विरोध गर्दै यस क्षेत्रमा स्थिरता बहाल गर्न कूटनीतिको आह्वान गर्नुभएको छ । अर्कोतर्फ अमेरिकी ट्रम्पको प्रशासनले इरानविरुद्ध नयाँ सैन्य आक्रमणको तयारी गरिरहेको बताएको छ । सीबीएस न्यूजको रिपोर्टका अनुसार ट्रम्प प्रशासनले सम्भावित सैन्य कारबाहीका लागि रणनीति तयार गरिरहेको छ तर यसबारे अन्तिम निर्णय भने भइसकेको छैन ।

## मध्यपूर्व युद्धबिच पनि हज यात्रीको सङ्ख्यामा वृद्धि

***मक्का, साउदी अरब, जेठ ९ गते ।***
अमेरिका-इजरायलले फेब्रुअरी २८ मा इरानमाथि हवाई आक्रमण गरेपछि मध्यपूर्वमा जारी तनावबिच यो बर्ष हज यात्रामा आउने इस्लाम धर्मावलम्बीको सङ्ख्या गत वर्षको तुलनामा बढी देखिएको छ ।

साउदी अधिकारीका अनुसार आगामी हजका लागि साउदी अरब बाहिरबाट १५ लाखभन्दा बढी तीर्थयात्री यहाँ आइपुगेका छन् । फेब्रुअरीको अन्त्यमा इरानमा अमेरिका र इजरायलले गरेको आक्रमणबाट सुरु भएको द्वन्द्वपछि तेहरानले साउदी अरब र खाडी क्षेत्रका लक्ष्यमा आक्रमणको आदेश दिएको थियो । आक्रमणका कारण व्यापक हवाई यातायात अवरोधलाई निम्त्याएको थियो र यात्रा लागत बढेको थियो ।

संयुक्त अरब इमिरेट्स ( युएई), कतार र बहराइनका प्रमुख खाडी विमानस्थलले हप्तौंको हवाई क्षेत्र बन्द र उडान रद्द भएपछि उनीहरूको परिचालन क्षमतालाई द्रुतरूपमा पुनर्स्थापना गर्न काम



गरेका छन् । जटिलताका बाबजुद यस वर्षको हजमा सहभागी हुन साउदी अरबमा तीर्थयात्रीको ओइरो लाग्ने क्रम जारी छ ।

साउदी अरबको हज पासपोर्ट बलका कमान्डर सालेह अल-मुरब्बाले शुक्रबार राति आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "विदेशबाट आउने तीर्थयात्रीको सङ्ख्या एक लाख १८ हजार १५३ पुगेको छ । सोमबार हज सुरु हुने औपचारिक अनुष्ठान अघि विदेशबाट तीर्थयात्री आउने क्रम जारी रहेकाले आगामी दुई दिनमा यो तथ्यांक अझ बढ्ने अपेक्षा गरिएको छ ।

गत वर्ष हजमा आउने तीर्थयात्रीको कुल सङ्ख्या १६ लाख ७३ हजार ३२० पुगेको थियो, जसमा साउदी अरब बाहिरबाट १५ लाख छ हजार ५७६ यात्रु रहेका थिए । सबै मुस्लिमले इस्लामका पाँच खम्बा मध्ये एक हजको यात्रा कम्तीमा एक पटक साधनाका साथ गर्नुपर्ने धार्मिक विश्वासका कारण वर्षेनी हज यात्रा गर्ने इस्लाम धर्मावलम्बीको सङ्ख्यामा वृद्धि हुने गरेको पाइन्छ ।

### रासायनिक ...

खेती धानिँदैन, भारतबाट मल आउनैपर्छ। तर तस्करले मनपरी मूल्य असुलिरहेका छन्। किसानलाई कुनै राहत छैन।"
सीमामा नेपाल प्रहरी, सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायको बाक्लो उपस्थिति हुँदाहुँदै पनि खुला रूपमा मल तस्करी भइरहेको आरोप बढ्दो छ। ग्रामीण नाकादेखि मुख्य बजारसम्म मोटरसाइकलमै ५-६ बोरा मल ओसारपसार भइरहेको दृश्य सामान्य बनेको स्थानीय बताउँछन्।
किसानहरू प्रश्न गर्छन्– यदि तस्करी रोक्न सकिँदैन भने मूल्य नियन्त्रण किन हुँदैन? किसानले सहज मूल्यमा मल किन पाउँदैनन्? तस्करलाई छुट र किसानलाई सास्ती किन?
स्थानीय प्रशासन, कृषि कार्यालय तथा सरोकारवाला निकायप्रति किसानको आक्रोश बढिरहेको छ। उनीहरू भन्छन्, "कि त तस्करी पूर्ण रूपमा रोकियोस्, होइन भने किसानलाई सहज र नियन्त्रणित मूल्यमा मल उपलब्ध गराइयोस्।"
मल अभाव, कालोबजारी र तस्करीको खुला खेलले खेतीको लागत अत्यधिक बढेको छ। उत्पादन खर्च बढ्दै जाँदा किसान निराश बन्दै गएका छन्। सीमावर्ती क्षेत्रमा मौलाएको तस्करी, सुरक्षाकर्मीमाथि उठिरहेका प्रश्न, सहकारीको मनपरी र सरकारी अनुगमनको कमजोरीका कारण अहिले किसान दोहोरो-तेहोरो मारमा परेका छन्। किसानको पसिनामाथि भइरहेको यस्तो खेल तत्काल रोक्न सम्बन्धित निकायले प्रभावकारी कदम चाल्नुपर्ने माग चर्किँदै गएको छ।

### रास्वपा ...

कलैयास्थित दरबार होटलमा पुगेर पत्रकार सम्मेलन गरेका थिए। पत्रकार सम्मेलनमा उनीहरूले आफूहरू "लखेटिएको" भन्ने समाचारको खण्डन गर्दै कार्यक्रम सामान्य रूपमा सम्पन्न भएको दाबी गरेका छन्।
नेताहरूले जनताको अपेक्षा र समर्थनका कारण कार्यक्रममा अत्यधिक भीडभाड हुँदा व्यवस्थापन कमजोर बनेको बताएका छन्। साथै पुराना कार्यकर्ताले नयाँ सदस्य र नेतृत्वसँग ईर्ष्या नगरी पार्टीलाई फराकिलो सोचसहित अगाडि बढाउनुपर्ने बताएका थिए।
पत्रकार सम्मेलनमा पार्टी अनुशासनविपरीत गतिविधि गर्ने जोकोहीलाई कारबाही हुने स्पष्ट पारिएको थियो। केही असन्तुष्ट समूहले कार्यक्रमस्थलमा विरोध जनाए पनि पार्टीभित्रको विवाद समाधानका लागि संवाद जारी रहने नेताहरूको भनाइ थियो।
यता निष्कासित जिल्ला अध्यक्ष चन्दन स्वर्णकार समर्थकहरूले भने पार्टी नेतृत्वले एकलौटी ढंगले कारबाही गरेको आरोप लगाएका छन्। उनीहरूले पुराना कार्यकर्तालाई पाखा लगाउने प्रयास भएको भन्दै बैठकस्थलमै विरोध प्रदर्शन गरेका थिए। विवादमा केहिलाई कुटपिट गरिएको जनाएका छन् । घाईतेको उपचार स्थानिय अस्पतालमा हुँदैछ।
रास्वपा बाराभित्र पछिल्लो समय देखिएको आन्तरिक विवादले पार्टी संगठनमा थप ध्रुवीकरण बढाएको राजनीतिक वृत्तमा चर्चा सुरु भएको छ।

### संविधान...

बनाउने अपेक्षा गरिएको छ।

संसदीय जानकारहरूका अनुसार यस्तो व्यवस्था थपिएसँगै संविधान संशोधनजस्ता राष्ट्रिय महत्वका विषयमा दुवै सदनबीचको समन्वय बलियो हुने र निर्णय प्रक्रियामा स्पष्टता आउनेछ।

तर कतिपयले भने यस्ता संवेदनशील विषयमा संयुक्त सदनको प्रयोगले बहस र शक्ति सन्तुलनमा कस्तो प्रभाव पार्छ भन्नेबारे थप छलफल आवश्यक रहेको टिप्पणी पनि गरेका छन्।

नियमावली संशोधनलाई संसदको कार्यप्रणाली सुधारतर्फको महत्वपूर्ण कदमका रूपमा लिइएको छ, जसले आगामी दिनमा विधेयक व्यवस्थापन र संसदीय प्रक्रियालाई अझ सहज बनाउने अपेक्षा गरिएको छ।

### बारा-पर्सा ...

सिम्रौनगढमै बसेर तस्करी 'लाइन' मिलाउने काम गर्दै आएको दाबी गरिएको छ।

यता कवहीगोठ-मटिअर्वा क्षेत्रमा 'खेन्ना' नामले चिनिने तस्कर समूहले प्रहरीको स्कर्टिङमै एकैपटक लाखौं मूल्य बराबरको सामान भित्र्याएर बजार र गोदामसम्म पुऱ्याउने गरेको स्थानीयले बताएका छन्। केही समय रोकिएको महँगो चकलेटको तस्करीसमेत पुनः सक्रिय भएको जनाइएको छ।

स्थानीय व्यवसायी र नागरिकले सशस्त्र प्रहरी तथा इलाका प्रहरी कार्यालय सिम्रौनगढमाथि तस्करी नियन्त्रणमा उदासीन बनेको आरोप लगाएका छन्। सीमामा सुरक्षा जाँच कडा बनाइएको दाबी गरिए पनि तस्कर भने निर्वाध रूपमा सामान भित्र्याउन सफल भइरहेका छन्। राजस्व छली र अवैध कारोबारले राज्यलाई ठूलो आर्थिक क्षति पुगिरहेको भन्दै स्थानीयले दोषी तस्कर र संरक्षण दिनेहरूमाथि कडा कारबाही गर्न माग गरेका छन्। नेपाली किसान र व्यवसायीको संरक्षणका लागि सीमा क्षेत्रमा प्रभावकारी निगरानी र नियन्त्रण आवश्यक रहेको उनीहरूको भनाइ छ।

### नसर्ने रोग...

यसको परीक्षण कैलालीको भजनी नगरपालिका र कञ्चनपुरको लालझाडी गाउँपालिकामा गरिसकिएको छ। प्रारम्भिक परीक्षण प्रभावकारी देखिएपछि स्वास्थ्य विशेषज्ञहरूले यो कार्यक्रमलाई राष्ट्रिय स्वास्थ्य प्रणालीभित्र समेटेर देशभर लागू गर्नुपर्नेमा जोड दिएका छन्।

स्वास्थ्य विज्ञहरूका अनुसार अस्वस्थ खानपान, धूम्रपान, मद्यपान, शारीरिक निष्क्रियता र बढ्दो तनावका कारण नेपालमा नसर्ने रोग तीव्र रूपमा फैलिरहेको छ। समयमै सचेतना, नियमित परीक्षण र प्रभावकारी उपचार व्यवस्था विस्तार गर्न नसके आगामी वर्षहरूमा स्थिति अझ गम्भीर बन्न सक्ने चेतावनी दिइएको छ।

### नवनियुक्त...

बनेका छन्। मुस्लिम समुदायबाट मन्त्री बनेपछि जिल्लाभर मुस्लिम समुदायमा विशेष खुशी छाएको स्थानीयले बताएका छन्। समुदायको प्रतिनिधित्व प्रदेश सरकारमा पुगेको भन्दै धेरैले यसलाई गौरवको विषयका रूपमा लिएका छन्। स्थानीयले मन्त्री समिर जनतामाझ प्रत्यक्ष पुगेर संवाद गरेको शैली सकारात्मक रहेको भन्दै यसले जनप्रतिनिधि र नागरिकबीचको सम्बन्ध अझ मजबुत बन्ने विश्वास व्यक्त गरेका छन्। कार्यक्रममा युवा नेता रुस्तम अन्सारी, बिकी साहलगायत स्थानीय राजनीतिक तथा सामाजिक व्यक्तित्वको समेत उपस्थिति रहेको थियो।

### कांग्रेस...

विकास गर्ने लक्ष्य राखिएको छ।
पर्यटन क्षेत्रतर्फ वराहक्षेत्र, पाथीभरा र हलेसीलाई जोडेर आध्यात्मिक पर्यटन पथ निर्माण गर्ने योजना सार्वजनिक गरिएको छ।
सामाजिक सुरक्षाअन्तर्गत 'कोखदेखि शोकसम्म' एकीकृत सामाजिक सुरक्षा कार्यक्रम र महिलालाई स्वरोजगारसँग जोड्ने 'उद्यमी आमा कार्यक्रम' सञ्चालन गर्ने प्रतिबद्धता पनि कांग्रेसले जनाएको छ।
कार्यशालामा पार्टीभित्र संगठन विस्तार, जनतासँग प्रत्यक्ष सम्बन्ध मजबुत बनाउने तथा प्रदेश नामकरणपछि देखिएका असन्तुष्टि संवादमार्फत समाधान गर्ने विषयमा समेत जोड दिइएको थियो।

### कक्रोच ...

उद्धृत गरिएको छ।
'कक्रोच जनता पार्टी' पछिल्ला दिनमा युवापुस्तामाझ व्यंग्य, मिम संस्कृति र सरकारविरोधी टिप्पणी मिसिएको डिजिटल अभियानका रूपमा तीव्र रूपमा फैलिएको थियो।
यसअघि पनि दिप्केले आफ्नो व्यक्तिगत सामाजिक सञ्जाल र पार्टीका आधिकारिक पेज ह्याक भएको आरोप लगाउँदै आएका थिए, जसले अभियानलाई थप चर्चामा ल्याएको थियो।
उक्त डिजिटल अभियानको सुरुआत भारतको सर्वोच्च अदालतमा न्यायाधीश सूर्यकान्तले दिएको भनिएको 'कक्रोच' टिप्पणीसँग जोडिएर भएको बताइन्छ। पछि न्यायाधीशले आफ्नो भनाइ गलत रूपमा व्याख्या गरिएको स्पष्ट पारेका थिए।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# संविधान संशोधन विधेयकमा संयुक्त सदन बस्न सक्ने नयाँ व्यवस्था

**९ जेठ, काठमाडौं –**
प्रतिनिधिसभा नियमावलीमा संविधान संशोधन विधेयकसम्बन्धी महत्वपूर्ण नयाँ व्यवस्था थप गरिएको छ। यसअघि अन्य सामान्य विधेयकका हकमा मात्र संयुक्त सदन (संयुक्त बैठक) बस्ने परिकल्पना गरिएको भए पनि संविधान संशोधन विधेयकका लागि यस्तो व्यवस्था स्पष्ट रूपमा समेटिएको थिएन।



नयाँ संशोधनपछि अब संविधान संशोधन विधेयकको छलफल तथा प्रक्रियामा पनि आवश्यक परे प्रतिनिधिसभा र राष्ट्रियसभा सदस्य सम्मिलित संयुक्त सदन बस्न सक्ने व्यवस्था गरिएको छ। यसलाई संसदीय अभ्यासलाई अझ स्पष्ट, व्यवस्थित र व्यवहारिक बनाउने प्रयासका रूपमा हेरिएको छ।

पहिलेको नियमावलीमा संयुक्त सदन मुख्यतया सामान्य विधेयकमा विवाद समाधान वा प्रक्रिया सहज बनाउनका लागि मात्र प्रयोग हुने परिकल्पना गरिएको थियो। तर संविधान संशोधन जस्तो संवेदनशील र महत्वपूर्ण विधेयकका लागि संयुक्त छलफलको स्पष्ट व्यवस्था नभएको भन्दै विगतदेखि नै केही संसदीय अभ्यासमा अन्योल देखिँदै आएको थियो।

नयाँ संशोधनमार्फत उक्त रिक्तता हटाइएको छ। अब संविधान संशोधन विधेयक प्रस्तुत भएमा आवश्यकता अनुसार दुवै सदनका सदस्यहरू एकै ठाउँमा बसेर छलफल गर्न सक्नेछन्। यसले विधेयक प्रक्रियालाई अझ समन्वयात्मक र प्रभावकारी

बाँकी तेस्रो पृष्ठमा

# नसर्ने रोगबाट मृत्यु दर बढ्दो, कुल मृत्युमध्ये ७१ प्रतिशत हिस्सा

**काठमाडौं, जेठ ९ –**
नेपालमा नसर्ने रोगका कारण हुने मृत्यु दर चिन्ताजनक रूपमा बढ्दै गएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा हुने कुल मृत्युमध्ये झन्डै ७१ प्रतिशत हिस्सा नसर्ने रोगको रहेको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले सन् २०३० सम्म यो दर ७९ प्रतिशतसम्म पुग्न सक्ने प्रक्षेपण गरेको छ।




मन्त्रालयका अनुसार उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटुरोग तथा श्वासप्रश्वाससम्बन्धी रोगहरू अहिले नेपालमा मृत्युका मुख्य कारण बन्दै गएका छन्। यस्ता नसर्ने रोगका कारण ३० देखि ७० वर्ष उमेर समूहका करिब २२ प्रतिशत मानिस अकाल मृत्युको जोखिममा पर्ने गरेको तथ्यांकले देखाएको छ।

नसर्ने रोगको बढ्दो जोखिमलाई मध्यनजर गर्दै नेपाल रेडक्रस सोसाइटीले स्वास्थ्य सेवा विभागसँग सहकार्य गरी 'पेन-डी प्याकेज' नामक नयाँ कार्यढाँचा विकास गरेको छ। विपद् तथा आपत्कालीन अवस्थामा समेत नसर्ने रोगका बिरामीले निरन्तर स्वास्थ्य सेवा पाउन सकून् भन्ने उद्देश्यले उक्त प्याकेज तयार गरिएको जनाइएको छ।

प्याकेजअन्तर्गत उच्च जोखिममा रहेका बिरामीको पहिचान, आवश्यक औषधिको पूर्वभण्डारण, मोबाइल स्वास्थ्य सेवा, टेलिमेडिसिन सेवा तथा सामुदायिक स्वास्थ्यकर्मी परिचालनजस्ता व्यवस्था समावेश गरिएको छ।

बाँकी तेस्रो पृष्ठमा

# नवनियुक्त मन्त्री समिर शुभकामना साट्दै जनतामाझ, मुस्लिम समुदायमा खुशीयाली

**संवाहक सम्वादाता-१० जेष्ठ, कलैया**
मधेस प्रदेश सरकारका नवनियुक्त विना विभागीय मन्त्री महमम्द समिर आफ्नो निर्वाचन क्षेत्रका विभिन्न गाउँ तथा वडामा पुगेर स्थानीय नागरिकसँग प्रत्यक्ष भेटघाट तथा शुभकामना आदानप्रदान गरेका छन्।



मन्त्री समिरले कलैया उपमहानगरपालिका-१२, १०, २० र १९ तथा फेटा गाउँपालिका-५ र ६ मा पुगेर स्थानीयसँग संवाद गरेका हुन्। कार्यक्रममा स्थानीय अगुवा, बुद्धिजीवी, महिला, युवा तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो।

भेटघाटका क्रममा स्थानीयले सडक, शिक्षा, स्वास्थ्य, खानेपानी तथा युवाको रोजगारीलगायत क्षेत्रका समस्या र आवश्यकताबारे मन्त्री समिरको ध्यानाकर्षण गराएका थिए। जवाफमा मन्त्री समिरले आफू जनताकै मतबाट निर्वाचित भएको उल्लेख गर्दै जनभावनाअनुसार काम गर्न प्रतिबद्धता व्यक्त गरे। उनले प्रदेश सरकार विकास निर्माणलाई तीव्रता दिन तथा जनताको आधारभूत आवश्यकता पूरा गर्न प्रतिबद्ध रहेको बताए।

स्थानीय बासिन्दाले मन्त्री समिरलाई बधाई तथा शुभकामना दिँदै क्षेत्र विकासमा विशेष ध्यान दिन आग्रह गरेका थिए। मन्त्री समिरले क्रमिक रूपमा सबै समस्याको समाधानका लागि पहल गर्ने आश्वासन दिएका छन्।

महमम्द समिर एमालेबाट मधेस प्रदेश सरकारमा बाराको प्रतिनिधित्व गर्ने एक्ला मन्त्री

बाँकी तेस्रो पृष्ठमा

# काँग्रेसको "कोशी संकल्प": सुशासनदेखि पूर्वाधार विकाससम्मका २८ प्रतिबद्धता

**विराटनगर, जेठ ९ –**
नेपाली कांग्रेसले कोशी प्रदेश केन्द्रित दुई दिने परामर्श कार्यशालाबाट २८ बुँदे 'कोशी संकल्प' सार्वजनिक गरेको छ। सुनसरीको लौकहीमा सम्पन्न कार्यशालामा पार्टी संगठन सुदृढीकरण, सुशासन, सेवा प्रवाह र विकासका मुद्दालाई केन्द्रमा राखिएको थियो।



"ऊर्जा र विश्वासको नवीन अभियान" नारासहित आयोजित कार्यक्रममा कांग्रेसका शीर्ष नेतृत्व, प्रदेश सरकारका मन्त्री, जनप्रतिनिधि तथा स्थानीय तहका प्रमुखहरूको सहभागिता रहेको थियो।

संकल्पपत्रमा स्थानीय सरकारलाई उत्तरदायी र जनमुखी बनाउने, सेवा घरदैलोमै पुऱ्याउने तथा वित्तीय अनुशासन कायम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। जन्मदर्ता, स्वास्थ्य बीमा र ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षणलाई घर-आँगनमै पुऱ्याउने योजना कांग्रेसले अघि सारेको छ।

त्यसैगरी असार १० भित्र बजेट ल्याउने, शून्य बेरुजु स्थानीय तह निर्माण गर्ने तथा पार्टी र जनप्रतिनिधिबीच नियमित संवाद संयन्त्र बनाउने निर्णय गरिएको छ। पूर्वाधार विकासअन्तर्गत जोगबनी-किमाथाङ्का कोशी राजमार्ग निर्माणलाई तीव्रता दिने, विराटनगर विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल बनाउने र विराटनगर-इटहरी कोरिडोरलाई विशेष आर्थिक क्षेत्रका रूपमा

बाँकी तेस्रो पृष्ठमा

# घुस लिँदै गरेका प्रमुख प्रशासकीय अधिकृत अख्तियारको फन्दामा

**महोत्तरी, जेठ ९ –**
महोत्तरीको सोनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादव ७२ हजार रुपैयाँ घुस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीद्वारा पक्राउ परेका छन्। अख्तियारको बर्दिबासस्थित टोलीले सडक ढलान योजनाको रकम निकासा गराइदिने भन्दै उपभोक्ता समितिसँग घुस मागेको सूचनाका आधारमा यादवलाई रंगेहात नियन्त्रणमा लिएको हो। आरोप अनुसार सोनमा गाउँपालिका-२ मा मस्जिददेखि



साजिदको घरसम्म निर्माण गरिएको सडक ढलान योजनाको भुक्तानी प्रक्रियामा उनले गैरकानुनी रकम मागेका थिए। अख्तियारले सार्वजनिक पदको दुरुपयोग गरी घुस लिएको आरोपमा यादवमाथि थप अनुसन्धान अघि बढाएको जनाएको छ।

# "कक्रोच जनता पार्टी" वेबसाइट डाउन, सरकारमाथि हस्तक्षेपको आरोप

**काठमाडौं, जेठ ९ –**
सामाजिक सञ्जालमा पछिल्लो समय भाइरल बनेको व्यंग्यात्मक डिजिटल अभियान 'कक्रोच जनता पार्टी' को वेबसाइट शनिबारदेखि डाउन भएको छ।


पार्टीका संस्थापक अभिजित दिप्केले वेबसाइट बन्द हुनुमा सरकारी हस्तक्षेप रहेको आरोप लगाएका छन्। उनले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै वेबसाइटमा करिब १० लाख सदस्य दर्ता भएको दाबी गरेका छन्।






दिप्केका अनुसार करिब ६ लाख सदस्यले मेडिकल प्रवेश परीक्षाको प्रश्नपत्र चुहावट प्रकरणपछि केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै अनलाइन हस्ताक्षर अभियानमा सहभागी भएका थिए।


उनले सरकारको कदमलाई असहिष्णुता भन्दै आलोचना गरेका छन्। "हाम्रो आवाज दबाउन वेबसाइट हटाइयो," दिप्केको भनाइ

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरू

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।